# वीरगंज महानगरपालिका ई-बुलेटिन

वर्ष ०२ ✦ अंक १२ ✦ २०८० बैशाख १८ गते सोमबार ✦ नेपाल संवत् ११४३ ✦ Monday May . 01 . 2023 ✦ पृष्ठ :-४


# व्यक्तिको नाममा कब्जा रहेको जग्गा महानगरको स्वामित्वमा

## जिपि फाउण्डेशनको जग्गा प्रकरण : जिल्ला अदालतको फैसला उच्च अदालतद्वारा सदर

## भूमाफियाको जग्गा हडप्ने प्रयास असफल




***वीरगंज, बैशाख ।***

लामो समयदेखि भूमाफियाले कब्जा गरेको वीरगंजको आदर्शनगरस्थित एक कट्ठा जग्गा वीरगंज महानगरपालिकाको स्वामित्वमा आएको छ। पर्सा जिल्ला अदालतले १२ बैशाख २०७८ मा गरेको फैसलालाई उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले सदर गरेसँगै आदर्शनगरस्थित एक कट्ठा जग्गा महानगरको स्वामित्वमा आएको हो। किर्ते कागजात खडा गरी मालपोत र महानगरपालिकाका निवर्तमान जनप्रतिनिधिदेखि कर्मचारीसमेतको मिलोमतोमा वीरगंज महानगरपालिका वडा नम्बर ३ छपकैया निवासी नजमा बेगमले उक्त जग्गा आफ्नो नाममा पुऱ्याएकी थिइन्। नजमाले १० चैत २०७४ मा माटो पुर्ने काम सुरु गरेपछि जग्गा व्यक्तिको नाममा पुगेको खुलासा भएको थियो। जग्गा बिक्री वा हक( हस्तान्तरणबिना नै व्यक्तिको नाममा दर्ता भएको पाएपछि महानगरका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत डा. भिष्मकुमार भूषालले ३ असार २०७५ मा पर्सा जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए।


पशुपति आदर्शनगर निर्माण समितिबाट महानगरको स्वामित्वमा आएको साविक कित्ता नम्बर ८१७ को हाल नापीमा कायम भएको कित्ता नम्बर १८ र ५३ को एक कट्ठा जग्गा पूर्ववर्ती महानगरको नाममा दर्ता कायम गर्न जिल्ला अदालत पर्साले फैसला सुनाएको थियो। जिल्ला अदालतको फैसलालाई बदर गर्न माग गर्दै जनकपुरको अस्थायी इजलास वीरगंजमा नजमाले दिएको मुद्दामा पनि महानगरकै पक्षमा फैसला आएको हो।

१३ बैशाख २०८० मा उच्च अदालतका न्यायधिशद्वय सुदर्शनदेव भट्ट र सिताराम मण्डलको संयुक्त इजलासले जिल्ला अदालत पर्साद्वारा ०७८ वैशाख १२ गते गरिएको फैसलालाई सदर गरेसँगै उक्त जग्गा महानगरको स्वामित्वमा आएको हो। नजमाका पती महमद सहाबुद्धिनले उक्त जग्गामा गिरिजा प्रसाद (जिपि) कोइराला फाउण्डेशनको कार्यालय सञ्चालन गर्दै आएका थिए।

महानगरकै पक्षमा फैसला आएसँगै जिपि फाउण्डेशन लेखिएको पर्खालमा रंग लगाएर मेटाइएको छ। साथै सोही जग्गामा उनले नै सञ्चालन गरेको टायल्स र मार्बल निट्को कम्पनीको गोदाम बनाएका छन्। स्थानीयकाअनुसार उक्त जग्गाको बजार मुल्य अहिले झन्डै १० करोड रुपैयाँ बराबर छ। लामो रस्साकस्सीपछि महानगरको स्वामित्वमा आएको जग्गामा निर्मित संरचना भत्काएर नगरबासीको हितका लागि जग्गा प्रयोजनमा ल्याउने महानगरको योजना रहेको महानगर प्रमुख राजेशमान सिंहले बताए।

उनले भने, 'महानगरको स्वामित्वमा रहेको तथा अन्य सार्बजनिक जग्गा खोज्ने अभियान नै हामिले चलाइरहेका छौँ, अरु पनि कुन कुन ठाउँमा अतिक्रमण भएको छ भन्ने कुरा खोज्ने क्रम जारी छ।'

# गहवामाई मन्दिरको नाम परिवर्तन हुने हल्ला अफवाह मात्रै



***वीरगंज, बैशाख ।***

वीरगंजको ऐतिहासिक धार्मिक सम्पदाको रुपमा रहेको गहवामाई मन्दिरको नाम परिवर्तन हुने अफवाह अहिले सामाजिक सञ्जालमा फैलिएको छ। वीरगंजको धार्मिक एवं ऐतिहासिक मन्दिरको नाम परिवर्तन हुने झुठो अफवाह सामाजिक सञ्जालमा फैलिएसँगै यसको सत्यता बारे सबैले चासो देखाएका छन्।

माईस्थान मन्दिर सञ्चालक समितिका अध्यक्ष दिना गुप्ताका अनुसार मन्दिरको नाम परिवर्तनबारे कुनै पनि किसिमका छलफल भएको छैन। मनगढन्ते रुपमा कसैले झुठो अफवाह फैलाएको अध्यक्ष गुप्ता बताउँछन्। उनले भने, 'मन्दिरको नाम परिवर्तन कुनै पनि हालतमा हुँदैन, कसैले सामाजिक सद्भाव भाँड्नका लागि भ्रम फैलाएको हुन सक्छ, यसमा सबैलाई सचेत हुन आग्रह गर्दछु।' वर्षौंदेखिको ऐतिहासिकता कसैले मेटेर मेटिने कुरै नभएको भन्दै उनले नाम परिवर्तनको हल्ला चलाएर कसैले सामाजिक सद्भाव विथोल्न खोजेको हुन सक्ने बताए। यता वीरगंज महानगरपालिकाले पनि मन्दिरको नाम परिवर्तनका बारेमा कुनै जानकारी नभएको स्पष्ट पारेको छ। महानगरपालिकाका प्रमुख राजेशमान सिंहले धार्मिक आस्थाको केन्द्र, वीरगंजको पहिचान बोकेको धरोहरको नाम परिवर्तन गर्ने कुनै कुरै नहुने भन्दै यस्ता अफवाहको पछि नलाग्न सबैलाई आग्रह गरेका छन्। मन्दिरको भन्दा पनि मन्दिर व्यवस्थापन समितिको नाम के राख्ने भन्ने विषयमा भने विवाद देखिएको छ। यसअघि माईस्थान मन्दिर

***बाँकी तेश्रो पृष्ठमा***

# वीरगंजमा रात्रि बजार अब माइस्थानदेखि आदर्शनगरको पशुपति घोष चोकसम्म लाग्ने



***वीरगंज, बैशाख ।***

वीरगंजको अर्थतन्त्र चलायमान बनाउन नयाँ वर्षदेखि सुरु गरिएको रात्रि बजारले निरन्तरता पाउने भएको छ। हरेक महिनाको अन्तिम शुक्रबार र शनिबार रात्रि बजार लगाउने गरि सबै तयारी गरिएको हो।


नयाँ वर्षको अवसरमा गएको चैत ३० र बैशाख १, २ गते लगाइएको रात्रि बजार अबदेखि भने हरेक महिनाको अन्तिम शुक्रबार र शनिबार लगाइने भएको हो। जस अनुरुप बैशाखको २९ र ३० गते रात्रि बजार लागाइने तयारी गरिएको छ। वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको उपस्थितिमा आइतबार साँझ बसेको रात्रि बजार ब्यवस्थापन समितिको बैठकले रात्रि बजारलाई अझै विस्तार गर्दै लैजाने निर्णय गरेको हो। यस पटक रात्रि बजार माइस्थान चोकदेखि आदर्शनगर चोक हुँदै पशुपति घोष चोकसम्म बिस्तार गरेर लगाउने निर्णय बैठकले गरेको छ। बैठकमा नगर प्रमुख राजेशमान सिंहले वीरगंजको व्यापार ब्यवसाय अबेरसम्म सञ्चालन गर्ने वातावरण बनाउन रात्रि बजारलाई निरन्तर रुपमा अघि बढाउने प्रयास गरिएको बताए। महानगरले यहाँको बजार चलायमान बनाउन पहल गरिदिएको भन्दै महानगरप्रमुख सिंहले रात्रि बजारलाई निरन्तरता दिन अब उद्योगी व्यवसायी नै अग्रसर भएर आउनु पर्नेमा जोड दिए।

वीरगंज उद्योग वाणिज्य संघले बजारको नेतृत्व लिएर अघि आउन आग्रह गर्दै उनले सुरक्षा तथा अन्य व्यवस्थापनको जिम्मा महानगरले लिने बताए। उनले रात्रि बजार लाग्ने समयमा नेपाल भारत मुख्य सीमा चौबिसै घण्टा खुल्ने व्यवस्था मिलाइएकोले सीमापारका पर्यटकको आगमन बढ्ने र बजार चलायमान हुने विश्वास पनि व्यक्त

***बाँकी तेश्रो पृष्ठमा***




# सम्पादकीय



## सामाजिक सद्भाव नबिगारौं

नेपाल धर्म निरपेक्ष राष्ट्र हो । यहाँ धार्मिक सहिष्णुताको सम्मान हुन्छ। जसले जुन धर्मलाई अंगालेपनि कसैलाई कुनै आपत्ती नहुनु धर्म निरपेक्षको अर्थ हो । सबै धर्मावलम्बीहरुले आफ्ना धार्मिक गतिविधि र रितिरिवाजलाई स्वतन्त्रतापूर्वक गर्न पाउनुपर्छ। नेपालको संविधानले पनि यही कुराको व्यवस्था गरिएको छ ।

संविधानले व्यवस्था गरेपनि समाजको आपसी भाईचारा र सद्भावलाई खल्बल्याउने किसिमका गतिविधि वीरगञ्जमा पछिल्लो समय बढीरहेका छन् । यसले भविष्यमा कुनै किसिमको नकरात्मक असर नआउला भन्न सकिन्न । अझ विशेष गरी देशका मेरुदण्ड भनिएका युवाहरुको जमात नै यस्ता गतिविधिमा संलग्नता हुनु अत्यनै दुर्भाग्यको विषय हो । धार्मिक हिसावले एकअर्कालाई होच्याउने, गिराउने एवम् अवहेलना गर्ने जस्ता क्रियाकलापले सामाजिक सद्भाव खलबलिन सक्छ, जसले द्वन्द निम्त्याउने जोखिम हुन सक्छ ।

हिन्दु, मुस्लिम, ईसाई, सिख जस्ता सबै धर्मलाई मान्नेहरुका लागि आ(आफ्नो ठाउँमा आफ्नो धर्म र आफ्ना रितिरिवाज महत्वपूर्ण लाग्छन् । फलस्वरुप हामीले आफ्नो ठाउँमा अरुलाई राखेर तुलना गर्न सके मात्रै अरुको दुखलाई महसुस गर्न सक्छौ । सबै धर्मको सार नाम फरक भएपनि सार एउटै हो । समाजमा शान्ति स्थापना गर्ने र मेलमिलाप कायम गर्ने ।

तसर्थ कसैले पनि सामाजिक सद्भावलाई बिगार्ने गरी र आफ्नो धर्मका चाडवाड मनाउँदा अरुलाई असर नपर्ने गरी मनाउनुपर्ने आवश्यक्ता खट्किएको छ । सामाजिक सद्भाव बिग्रिनु भनेको समाजको अधोगति हो । जसले समाजसँगै समाजमा बसोबास गर्ने मानिसहरुको पनि अस्तित्व समाप्त हुन सक्ने सम्भावना देखिन्छ ।

# श्रम बजारअनुसार श्रमिकको “ब्राण्डिङ” गरिनेछ : मन्त्री भण्डारी

***काठमाडौं, वैशाख ।***

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी लामो समयदेखि सांसद र विभिन्न मन्त्रालयको जिम्मेवारी पूरा गर्दै आउनुभएका एक कुशल राजनीतिज्ञका रुपमा परिचित हुनुहुन्छ । विसं २०३२ मा नेपाल विद्यार्थी सङ्घबाट राजनीतिमा प्रवेश गर्नुभएका उहाँ २०३८ मा सुधारिएको पञ्चायत व्यवस्थामा भएको प्रत्यक्ष निर्वाचनबाट निर्वाचित बन्नुभयो भने त्यसयता पटकपटक चुनाव जित्दै मन्त्री हुँदै आउनुभएको छ । विसं २०४५ मा पहिलो पटक सहायकमन्त्री बन्नुभएका उहाँले हालसम्म झण्डै डेढ दर्जन पटक मन्त्रीको जिम्मेवारी पूरा गरिसक्नुभएको छ । महोत्तरीबाट-२ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता भण्डारी पछिल्लोपटक गत चैत १७ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बन्नुभएको हो ।

संविधानमा श्रमसम्बन्धी हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएका सन्दर्भमा स्वदेशमा रोजगारीको पर्याप्त अवसर उपलब्ध गराई उनीहरुको ज्ञान, सीप र ऊर्जा देश विकासमा लगाउनु सरकारको मुख्य दायित्व हुन आउँछ। स्वदेशमा रोजगारीको पर्याप्त अवसर नभएसम्म रोजगारीको महत्वपूर्ण माध्यमका रुपमा रहेको वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाई विदेशमा जाने कामदारको हक, अधिकार, सुविधा र असल श्रम सम्बन्ध सुनिश्चित गर्न सरकारले जोड दिएको पाइन्छ । राज्यको बहुआयामिक विकासका आधारका रुपमा रहेका श्रमजीवी वर्गको हक, हित र अधिकारको सुनिश्चितता नभएसम्म देशमा विकास र रूपान्तरण सम्भव नहुने भएकाले वर्तमान सरकार यसतर्फ केन्द्रित भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत्सिंह भण्डारी बताउनुहुन्छ । प्रस्तुत छ, विश्व मजदुर दिवसको यस अवसरमा मन्त्री भण्डारीसँग नयाँ श्रम बजारको खोजी, मर्यादित रोजगार र श्रमिकको हितलाई प्रत्याभूतिलगायतका विषयमा राष्ट्रिय समाचार समिति(रासस)का आलेख प्रमुख कृष्ण अधिकारी र समाचारदाता अशोक घिमिरेले गर्नुभएको कुराकानी :

तपाईले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको एक महिना भयो, मन्त्रालयको प्राथमिकता के रहेका छन् ? मुलुकको संविधानले श्रमसम्बन्धी व्यवस्थालाई तीन क्षेत्रमा केन्द्रित गरेको छ । श्रमको मर्यादा, सुरक्षित श्रम र रोजगारीको हक सुरक्षित गर्दै मर्यादित रोजगारलाई अगाडि बढाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारलाई सुरक्षित उपाय अवलम्बन गर्ने नीति बनाउने र कार्यान्वयन गर्ने विषयलाई हामीले ध्यान दिएका छौं । विशेषगरी नेपालको आर्थिक गतिविधिमा धेरै ठूलो योगदान वैदेशिक रोजगारीले गरेको छ । विप्रेषणले मुलुकको समृद्धिमा ठूलो योगदान गरेको छ, यो क्षेत्रलाई व्यवस्थित र मर्यादित गरेर लैजानुपर्छ । वैदेशिक रोजगारीबाट रकम आर्जन गर्ने मात्र होइन, यसबाट आर्जन भएको सीप, ज्ञान र प्रविधिलाई ‘ट्रान्सफर’ गरी मुलुकमा पुँजी प्रवाह गर्ने र त्यसका आधारमा मुलुकको विकास गर्नुपर्छ । विदेशका अनुभव र सफल प्रयोगलाई यहाँ ल्याएर नेपाललाई समष्टिगतरुपमा विकास गर्नुपर्छ । कृषि, पर्यटन, प्रविधिलगायत हरेक क्षेत्रमा त्यो सीप, ज्ञान र अनुभव भित्र्याएर धेरै काम गर्न सकिने अवसर छ । त्यो अवसरलाई सही ढङ्गले विश्लेषण र पहिचान गरेर नीतिगत हिसाबले अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुधार गर्दै अगाडि बढ्नुपर्छ ।

***वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन मन्त्रालयले के गरिरहेको छ ?***

वैदेशिक रोजगारीमा विभिन्न खालका नकारात्मक विषय आइरहेका छन् । नकारात्मक अभ्यास भइरहेका छन्, त्यो विषयलाई निराकरण गर्न सम्बन्धित सरोकारवालासँग बसेर छलफल गरेका छौं । यस क्षेत्रमा रहेका विकृति, विसङ्गतिलाई कसरी हटाउन सकिन्छ भनेर काम सुरु गरेका छौं । वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन विभिन्न कार्यक्रम अगाडि सारेका छौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रोजगार पहिचान गरेर श्रमिकलाई उचित सीप र प्रविधियुक्त पारेर श्रम बजारसँग मेल खाने गरी तय गर्नुपर्नेछ । अन्तर्राष्ट्रिय रोजगार बजारलाई पहिचान गर्ने, नयाँ नयाँ गन्तव्यको खोजी गर्ने र त्यसका लागि सीपयुक्त जनशक्ति तयार गरेर विदेश पठाउनुपर्छ । विदेशमा सिकेको सीप, ज्ञान र प्रविधिलाई स्वदेशको विकासमा लगाउने गरी काम गर्नुपर्छ । स्वदेश फर्किएको श्रमिकलाई पुन:एकीकरण गरी समाजमा पुन:स्थापना गर्नुपर्छ । उनीहरुलाई स्वरोजगार र मुलुकको समष्टिगत विकासका लागि प्रयोग कसरी गर्ने गरी हामीले अगाडि बढाएका छौं । निजी क्षेत्रसँग साझेदारी गरेर रोजगारका अवसर सिर्जना गर्न सक्छौं । कृषिमा नयाँ आधुनिक प्रविधिको प्रयोग गरेर उत्पादन वृद्धि गर्न सक्छौं ।

***श्रमसँग सम्बन्धित सेवाको विकेन्द्रीकरण र स्थानीयकरण गर्ने कुरा कहाँ पुग्यो ?***

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत प्रविधिलाई प्रयोग गरेर सात सय ५३ पालिकामा पुग्न खोजिरहेका छौं । मन्त्रालयको फोकल प्वाइन्टका रुपमा त्यहाँ रोजगार सेवा केन्द्र रहेको छ । त्यहाँ रोजगार संयोजक, सहसंयोजक र प्राविधिक सहायक रहेका छन् । प्रत्येक पालिकामा रहेका रोजगार संयोजकले सेवा केन्द्रमार्फत एकीकृत ढङ्गबाट सबै खालको काम गर्ने व्यवस्था गरेका छौं । राष्ट्रिय र अन्तर्राष्ट्रिय रोजगारको सम्भावना र अवसरका बारेमा कसरी सूचना पुर्‍याउने, श्रमिकका बीचमा कसरी जाने, स्थानीय तहको साझेदारीमा श्रमिकलाई सम्बन्धित रोजगारदाता तथा रोजगार बजारमा सुरक्षित कसरी पुर्‍याउने भन्नेबारेमा हामीले काम थालेका छौं । सीपयुक्त तालिम, अभिमुखीकरण, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको मागलगायत काम सेवा केन्द्रमार्फत हुनेछ । अन्तर्राष्ट्रिय श्रम बजारमा सिधै सम्पर्क गर्नसक्ने खालको संयन्त्र सेवा केन्द्रमा बनाइएको छ । अहिले सेवा केन्द्रमार्फत श्रम स्वीकृति र

बाँकी तेश्रो पृष्ठमा

# सन्दर्भ अन्तर्राष्ट्रिय श्रम दिवस : ‘प्राप्त अधिकार संरक्षणका लागि आवाज उठाउँछौं’

***काठमाडौं, वैशाख ।***

मुलुकका ट्रेड युनियन नेतृत्वले मजदुरलाई सङ्गठित गर्ने र निर्माण भएका कानुन कार्यान्वयनमा सरकार र रोजगारदाता दुवै अनुदार देखिएको भनी गुनासो गर्नुभएको छ । उहाँहरुले नेपाली श्रमिक क्षेत्रले कानुनीरुपमा धेरै उपलब्धि हासिल गरे तापनि व्यवहारिकरुपमा भने झन प्रताडित रहेको प्रतिक्रिया दिनुभयो । नेपाल ट्रेड युनियन कांग्रेका अध्यक्ष पुस्कर आचार्यले शान्तिपूर्ण वार्ता र संवादबाटै मजदुरका हकहितका माग र मुद्दा उठाइए पनि सरकार र रोजगारदाताबाट आवश्यक चासो नदिएको प्रतिक्रिया दिनुभयो ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसका अवसरमा राससस‌ँग कुराकानी गर्दै उहाँले भन्नुभयो, “वार्ता र संवादबाटै सबै समस्या सुल्झिन्छ भन्ने ढङ्गबाट पहल र प्रयत्न गरिएकामा सरकार र रोजगारदाताले बेवास्ता गरेपछि ट्रेड युनियन आन्दोलनको दिशातर्फ उन्मुख हुन बाध्य भएको छ ।” काम गर्नेमाथि काम लगाउनेको ज्यादतीका विरुद्ध सन् १८८६ मा अमेरिकाको सिकागोमा पहिलो सङ्गठित मजदुर आन्दोलन भएको थियो । त्यस आन्दोलनमाथि भएको चरम दमन स्मरण गर्दै आठ घन्टा काम, आठ घन्टा मनोरञ्जन र आठ घन्टा आरामको मागसहित सन् १८९० देखि विश्वभर श्रमिक दिवस मनाइँदै आएको छ । अध्यक्ष आचार्यले भन्नुभयो, “कानुन अनिवार्य लागू गर्नुपर्छ भन्ने भए पनि राज्य स्वयं उदासिनता छ, उद्योगपति मात्र होइन सरकारी कार्यालयले पनि मज्दुरलाई त्यो सुविधा दिएको देखिन्न ।” अखिल नेपाल ट्रेड युनियन महासङ्घका अध्यक्ष जगत सिम्खडाले लाखौंलाखको सङ्ख्यामा रहेका मजदुरको हकहितको संरक्षणका लागि सामाजिक सुरक्षा र श्रम ऐन ल्याउन सफल भए पनि कार्यान्वयनमा सरकार र रोजगारदाता अझै अनुदार देखिएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, “जति धेरै सामाजिक सुरक्षा त्यतिकै श्रम लचकता भनिए तापनि शोषण, उत्पीडन, सरुवा, निष्कासन र जगेडामा राख्ने प्रवृत्तिले प्राप्त अधिकार गुम्ने हुन् कि भन्ने प्रश्न खडा गरेको छ ।” नेपालका श्रमिकले समग्रमा सामाजिक सुरक्षालगायतका सेवा सुविधा प्राप्त गर्नुका साटो न्यूनतम पारिश्रमिक नपाएर पिरोलो झेल्नुपरेको ट्रेड युनियनसँग सम्बद्ध नेताको भनाइ छ ।

नेपालमा विसं २००३ मा पहिलो सङ्गठित मजदुर आन्दोलन सुरु भएको थियो । मुलुकको श्रमिक आन्दोलनले श्रमिकको सम्मान, सुरक्षित र समृद्ध जीवन प्राप्तिको उपलब्धि लागि मनाउँदैआएको छ । नेपाल ट्रेड युनियन महासङ्घ (जिफण्ट)का अध्यक्ष विनोद श्रेष्ठले उपलब्धिका हिसाबले कानुनीरुपमा अहिलेसम्म आउँदा अधिकार प्राप्त भए पनि व्यवहारमा भने कार्यान्वयन नभएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, “लामो समयदेखि उठाउँदै आएको योगदानमा आधारित सामाजिक सुरक्षाको नारा कानुनीरुपमा पूरा भएको छ, श्रम कानुनमा पनि सुधार भएको छ, तर कार्यान्वयनको पाटोबाट हेर्दा अत्यन्तै कमजोर अवस्थामा छ ।”

कानुनी लडाइँ जित्दै गए पनि व्यवहारमा प्राप्त अधिकार पनि खोसिँदै गएको बताउँदै अध्यक्ष श्रेष्ठले पर्यटन क्षेत्रका मजदुरले खाइपाइ आएको सेवा सुविधामा व्यापक कटौती भएको उल्लेख गर्नुभयो । संविधानमै पनि मजदुरका हकलाई मौलिक हकका रुपमा स्थापित गरिएको स्मरण गराउँदै उहाँहरुले मजदुरलाई सेवा सुविधा दिनुपर्छ भनेर स्वास्थ्य, बैंक, विद्यालयलगायतका सङ्घ संस्थामा तालिम र आउट सोर्सिङका नाममा शोषणका नयाँरुप प्रयोग हुन थालेको भनी आलोचना गर्नुभयो । सरकार, राजनीतिक दल, समाजले श्रम क्षेत्रलाई हेयको दृष्टिकोणबाट हेर्ने गरेको गुनासो गर्दै उहाँहरुले राजनीतिक अस्थिरताले पनि श्रमिकका मुद्दा ओझेलमा पर्दैआएको उल्लेख गर्नुभयो । ट्रेड युनियनको आन्दोलनले पछिल्लो श्रम ऐनमा एक जना मात्रै मजदुर भएका सङ्घ संस्थाले पनि श्रमिकलाई न्यूनतम तलब, भत्ता उपलब्ध गराउन पर्ने तथा असङ्गठित क्षेत्रका श्रमिक पनि सङ्गठित हुने व्यवस्था गरेको छ ।

ट्रेड युनियनले यस पटकको मजदुर दिवसमा थप अधिकारभन्दा प्राप्त अधिकारको संरक्षणका निम्ति आवाज उठाउने उद्घोष गरेका छन् । देशका ट्रेड युनियनले श्रम र सामाजिक सुरक्षा ऐन कार्यान्वयनको विषयलाई प्राथमिकतामा राख्दै श्रमिक विरोधी प्रावधान र समयानुकूल सेवा सुविधाका मद्दालाई जोडदाररुपमा उठाउँदै आएको दाबी गरेका छन् । सरकारी कार्यालयमै पनि भइरहेको आउट स्वर्सिङ प्रथाले ट्रेड युनिन आन्दोलनलाई चुनौती खडा गरेको हुँदा अहिले त्यो नै सबैभन्दा महत्वपूर्ण मुद्दा भएको उहाँहरुको टिप्पणी छ । सामाजिक सुरक्षाको दायरामा सम्पूर्ण मजदुरलाई ल्याइदिनुपर्नेमा निर्माण क्षेत्र, यातायात, कृषि, पसलजस्ता असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिक अहिले पनि न्यूनतम ज्यालाभन्दा निकै कममा श्रम बेच्न बाध्य रहेको युनियनको भनाइ छ ।

राज्यबाट श्रमिका माग र मुद्दालाई बेवास्ता गरिँदा कूल श्रमिकको १० प्रतिशत मजदुर पनि सङ्गठित हुन नसकेको मजदुर नेताको भनाइ छ । ट्रेड युनियनले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी तुल्याउन सकेको खण्डमा मजदुरको

बाँकी तेश्रो पृष्ठमा

“ करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं” “बीरगंजनगरलाई समृद्ध बनाऔं”

## श्रम बजारअनुसार...

पुन: श्रम स्वीकृतिका लागि आवेदन दिन सक्ने गरी काम भइरहेको छ। मन्त्रालय प्रवाह गर्ने जति पनि सुविधा छन् त्यहाँबाट नै लिन सक्ने व्यवस्था मिलाउने सरकारको प्राथमिकता हो । सेवा केन्द्रबाट रोजगारका बारेमा जान्न सकिनेछ । सीपमूलक तालिमलाई पनि स्थानीय तहसम्म पुऱ्याउने हो ।

***वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको पुनःएकीकरणको विषय कसरी अगाडि बढेको छ ?***

वैदेशिक रोजगारमा जानेलाई पूँजीसमेत व्यवस्थापन गरिदिने, उनीहरुलाई सुरक्षित स्थानमा पुऱ्याउनेलगायत कामको सुनिश्चिता गर्नका लागि नीतिगत सुधार गर्ने कार्यक्रमका लागि हामीले विभिन्न कार्यदल बनाएका छौं । यसबाट बिचौलिया र ठगीको फन्दामा श्रमिक परिराखेका छन्, तिनीहरु त्यहाँबाट मुक्त हुने अवस्था हुन्छन् । सीप र आर्थिक स्रोतलाई एकद्वारा गर्ने तयारी मन्त्रालयले गरेको छ । जहाँजहाँ नेपालीहरु वैदेशिक रोजगारीमा गएका छन्, उनीहरुलाई स्वदेश फर्काएर उनीहरुले ल्याएका पूँजीलाई राष्ट्र निर्माणका कसरी प्रयोग गर्न सकिन्छ भन्नेमा हिसाबमा पुन: एकीकरणका काम अगाडि बढाएका छौं । विदेशबाट फर्केका श्रमिकलाई समाजमा पुन:स्थापना गर्ने कार्यक्रम पनि ल्याएका छौं ।

***श्रमिकको 'ब्राण्डिङ' गर्नुपर्ने विषयलाई यहाँले अगाडि सार्नुभएको छ, यसबारेमा प्रष्ट्याइदिनुस् न ?***

राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा आवश्यकताअनुसारको श्रमिकको 'ब्राण्डिङ' गर्नुपर्छ। नेपालीको आफ्नो मौलिक पहिचान, संस्कृति, संस्कार र पहिचान छ। त्यो अन्तर्राष्ट्रियरुपमा नै लोकप्रिय छ । अन्तर्राष्ट्रिय बजारमा नेपाली श्रमजीविको मर्यादा र साखलाई जोगाउने हिसाबले ब्राण्डिङ गर्ने कुरा गरेको छौं। विशेष गरी नेपालीहरु संसार भर अत्यन्त इमान्दरा, सोझा, बहादुर र शाहसी भनेर परिचित छन् । सुरक्षाको मामलामा नेपाली सुरक्षित र भरपर्दो हुन्छन् भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई ब्राण्डिङ गरेर आवश्यकताअनुसारको सीपले अपग्रेड गर्ने तयारी गरेको छौं । अर्कोतर्फ हाम्रो सेवा क्षेत्रका कुरा छ। वास्तवमा हाम्रो स्वभाव र संस्कृति आफूलाई भन्दा अर्कालाई सेवा गर्ने खालको छ । अहिलको स्थितिमा विशेष गरी 'हस्पिटालिटी'को कुरा छ। नर्सिङलगायत सेवाको विषय अगाडि आएको छ। विश्वका विभिन्न क्षेत्रमा नेपालको नर्सको माग भइरहेको छ । त्यसो किन भइरहेको छ भने त्यो नेपालको सेवा दिने स्वाभावका कारण भइरहेको छ । स्वभावै हाम्रो कस्तो छ भने अरुलाई माया र दया गर्ने खालको छ । यसलाई पनि ब्राण्डिङ गर्नुपर्छ । केयर गिभरको ठूलो सम्भावना रहेको छ। जहाँ सही ढङ्गबाट जाँदा हाम्रो स्वाभिमान पनि कायम हुन्छ । हाम्रा चेलीबेटीका 'डिग्निटी' र मर्यादा कायम हुन्छ । सुरक्षित पनि हुन्छन् ।

अहिले विश्वबाट मौसमी कामदारका माग आइरहेका छन् । मौसमी कामदारले त्यहाँको प्रविधि सिक्न सक्नेछन् । अहिले पनि हाम्रो कृषि प्रणालीमा यान्त्रीकरण हुन सकेको छैन । श्रमिकले त्यस्ता प्रविधि सिकेर नेपालमा सदुपयोग गर्नुपर्ने छ । यी सबै विषलाई नीतिगत सम्बोधन गरेर हाम्रो प्रयास रहेको छ । रेमिट्यान्सको मात्र कुरा गरेर हुँदैन, यसलाई अवसरमा पनि रुपान्तरण गर्नुपर्छ । प्रविधि हस्तान्तरण र पूँजी प्रवाहका हिसाबले पनि अगाडि बढाउनुपर्छ । अहिले पनि कतिपय मुलुकमा नेपाली नागरिक अवैधानिक भएर बसिरहेका छन्, उनीहरुलाई सम्बन्धित मुलुकमा कानुनी हैसियत दिन सरकारले के गर्दैछ ?

श्रम मन्त्रालयले परराष्ट्र मन्त्रालयसँग सहकार्य गरेर श्रम स्वीकृति लिएर गएका वा नगएका नेपाली श्रमिकलाई सम्बन्धित मुलुकमा कानूनी हैसियत दिन छलफल भइरहेको छ। जति अहिले विभिन्न देशमा श्रम स्वीकृति लिएर होस् वा नलिई गएका हुन कतिपय स्थानमा म्याद गुज्रेको छ, कतिपय ठाउँमा 'अनडकुमेन्टेड' भएका छन् । कतै अवैधानिक रुपमा बसोबास गरिरहेका छन् । एक पटकका लागि जति पनि अवैधानिकरुपमा रहेका नेपालीलाई सम्बन्धित देशसँग कूटनीति पहल गरेर वैधानिक गर्ने अभियान सञ्चालन गर्दैछौं । त्यसो हुँदा श्रमिक खुलारुपमा काम गर्न पाउँछन् । कतिपय श्रमिक आफ्नो मुलुक फर्कन पाउँछन् । वैधानिक भएपछि उनीहरुले सुविधा पनि पाउँछन् ।

वैदेशिक रोजगारमा पठाउन सहजीकरण गर्ने कम्पनीले मर्यादित काम गरिरहेका छन् । बेरोजगारलाई रोजगार दिने क्रममा बजारको खोजी गरेर रोजगार उपलब्ध गराइरहेको अवस्था छ । यो पेसालाई मर्यादित बनाउने सन्दर्भमा केही सुधार हामीले गर्नुपर्छ । यो पेसालाई मर्यादित, व्यवस्थित, सम्मानीत बनाउन व्यवसायीसँग पनि हामीले निरन्तर छलफल गरिरहेका छौं । सम्बन्धित कम्पनीबाट रोजगारीका लागि गएका श्रमिकलाई ती व्यवसायीप्रति आशा जगाउन सकिने बनाउँछौं । सेवा शर्तका बारेमा पनि छलफल भइरहेको छ।

सरकारले व्यापार, व्यवसाय गर्ने होइन, सहजीकरण मात्र गर्ने हो। सहजीकरण गरेका नाममा नियमन पनि गर्ने हो । कुनै पनि बद्यासी भएको अवस्थामा कारबाही पनि गर्ने हो । अनुगमन पनि सरकारले गर्छ। सम्बन्धित पक्षसँग विश्वासमा लिएर उनीहरुसँग सहकार्य गरेर आवश्यक नियम कानुन बनाएपछि कानुन कार्यान्वयन गर्न सहज हुन्छ। अत्यन्त प्रचुर सम्भावना हुँदाहुँदै पनि यसलाई हामीले व्यवस्थित बनाउन नसकेकै हो । यसलाई मर्यादित, व्यवस्थित र सुरक्षित गर्न सरकारले लिएको लक्ष्यका आधारमा अगाडि बढाउन खोजिरहेका छौं ।

***अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने सीपयुक्त जनशक्ति उत्पादनको योजना के छ ?***

अदक्ष कामदार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश नगरोस् भन्ने हो। श्रमिकले अहिलेको प्रविधिअनुसार केही न केही सीपयुक्त तालिम लिएर जाओस्। हामीले शिक्षा मन्त्रालयसँग समन्वय गरेर विद्यालय शिक्षालाई श्रमसँग जोड्नुपर्छ भनेर लागेका छौं । पढाइसँगै तालिम र रोजगारी सिर्जना होस्। विद्यालयमा पनि केही घन्टा सीपयुक्त तालिम राखिदिएपछि 'एकेडेमिक' हिसाबबाट जान नसक्ने विद्यार्थी रोजगारीमा जान सक्छ। यस कुरालाई मध्यनजर राखेर नीतिगत व्यवस्था गर्न लागेको छौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा सीपयुक्त जनशक्ति पठाउने कुरा गरिरहेका छौं । प्लम्बर, इलेक्ट्रिसियन, मेकानिकललगायत सीप सिकाउन विश्वस्तरीय तालीम पाठ्यक्रम बनाउनुपर्ने छ। मन्त्रालय अन्तर्गतको व्यवसायिक सीप प्रतिष्ठानको क्षमता अभिवृद्धि गर्न लागेका छौं। त्यसलाई छाता एकेडेमी बनाएर छ महिनासम्मको विभिन्न तालिमलाई अन्तर्राष्ट्रियस्तरको बनाउन खोज्दैछौं । अन्तर्राष्ट्रियस्तरको तालिम मापदण्ड बनाएर लैजान्छौं । निजी क्षेत्रमा रहेका तालीम प्रदायक संस्थालाई त्यहाँबाट आबद्धता लिनुपर्ने र तालिमको प्रतिष्ठानले मान्यता दिने बनाउछौं । त्यसको मान्यता अन्तर्राष्ट्रियस्तरसम्म हुन्छ। छरिएर रहेका सरकारी तथा गैरसरकारी विभिन्न तालिम प्रदायक संस्थाले प्रदान गरेको तालिमको विश्वसनीयता प्रश्न उठिराखेको छ । त्यसलाई एकद्वार ढङ्गबाट लैजानका लागि सोही प्रतिष्ठन मार्फतबाट काम गर्नेछौं ।

***पछिल्ला समय सामाजिक सुरक्षा कोषमा आबद्ध हुने श्रमिकको सङ्ख्या वृद्धि हुँदैछ। यसलाई प्रत्येक श्रमिक समक्ष पुऱ्याउन सरकारको भूमिका कस्तो हुन्छ ?***

सामाजिक सुरक्षा कोषको दायरालाई व्यापक रुपमा बढाएर लैजान्छौं । अहिले प्रत्येक दिन कोषमा श्रमिकको आबद्धता बढ्दै गइरहेको छ । औपचारिक क्षेत्रका श्रमिक अहिले कोषमा आबद्ध हुँदै आएका छन् । भरखरै मात्र वैदेशिक रोजगारीमा जाने श्रमिक पनि कोषमा आबद्ध हुन थालेको छन्। अब अनौपचारिक र स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि कोषमा आबद्धता गराउने सरकारको योजना छ । योगदानकर्ताले प्राप्त गर्ने सुविधालाई बढाउने, श्रमिकको आकर्षण गराउँदै कोषमा आबद्धता वृद्धि गर्ने नीति लिएका छौं । अहिले वैदेशिक रोजगारीमा जाने श्रमिक पनि कोषको योजनामा सहभागी हुन ज्यादै इच्छुक हुनुहुन्छ ।

संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक दिएको छ। रोजगारीको हक सुनिश्चित गर्न सरकारले विभिन्न कार्यक्रम ल्याएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट बेरोजगार नागरिकले न्यूनतम् रोजगारी प्राप्त गर्दै आएका छन्। विगतका प्रयोगलाई हेर्दा त्यो कार्यक्रमबाट प्राप्त हुने प्रतिफल सोचेजस्तो भइरहेको छैन। रोजगारी दिने भनेको दश दिनको काम दिने होइन, रोजगारसम्म पहुँच पुग्ने गरी श्रमिकको क्षमता अभिवृद्धि गर्ने हो।

***विप्रेषणको ठूलो हिस्सा उपभोगमा खर्च भइरहेको छ, यसलाई उत्पादनमुलक क्षेत्रमा लगाउने योजना के छ ?***

अहिले हामीले वैदेशिक रोजगारीमा जानेलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुनुपर्ने विषयलाई अनिवार्य गरेका छौं । त्यसबाट श्रमिकले तत्काले लाभ पाउने अवस्था छ । कोषमा भएको रकम बढ्दै जाँदा सरकारले नेतृत्व गरेर मेगा प्रोजेक्टको पहिचान गरेर श्रमिकको बीउँ पूँजी राखेर अगाडि बढाइने छ । अहिलेसम्म प्राप्त रेमिट्यान्स उपभोगमा खर्च भइरहेको अवस्था छ । सबैभन्दा पहिले आधारभुत आवश्यकता परिपूर्ति गर्न सो रकम खर्च भइरहेको छ । आधारभुत आवश्यकता पूरा भएपछि मात्रै श्रमिकले उत्पादनमूलक क्षेत्रमा लगानी गरेको पाइन्छ। सरकारलेगा प्रोजेक्ट पहिचान गरेर श्रमिकको लगानी सुरक्षित हुनाका साथै प्रतिफलको पनि सुनिश्चितता गरेर लगानीको वातावरण बनाउँछ।

***नयाँ श्रम गन्तव्यको खोजी गर्न सरकारले के गर्दै छ ?***

संसार 'ग्लोबल भिलेज'का रुपमा परिणत हुँदैछ । अवसर सबै ठाउँमा पुगिरहेका हुन्छन्, अवसर प्राप्त गर्न पनि व्यक्तिहरु त्यसैगरी पुगिरहेका हुन्छन्। यो बजारमा हामीले निषेध गर्न हुँदैन । श्रम मन्त्रालयले खुला बजारको नीति लिन खोजिरहेको छ । कतिपय मुलुकमा औपचारिक ढङ्गबाट श्रम बजारमा प्रवेश गर्न खुला नगरिदिएको हुँदा गलत बाटोबाट नागरिक पुगिरहेका छन् । जसले गर्दा देशले ठूलो क्षति पुगिरहेको छ । नागरिकले दु:ख पाइरहेका छन् । सरकारले ठूलो मात्रामा कर गुमाइरहेको छ। खुला नीतिलाई अवलम्बन गर्ने हिसाबले अगाडि बढ्न खोजिरहेका छौं। जति मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको छ, ती मुलुकमा रोजगारीका अवसर छन् भने त्यसलाई किन खुला नगर्ने ? भन्ने हिसाबले अगाडि बढेको छौं । रोजगारीको सम्भावना बढी भएका देशसँग श्रम सम्झौताका लागि खुला भएका छौं । समष्टिगत हिसाबले मन्त्रालयलाई अगाडि बढाउन खोजिरहेका छौं ।

## सन्दर्भ अन्तर्राष्ट्रिय...

जीवनस्तरमा सुधार आउने र राज्यको आर्थिक भारसमेत कमी हुने दाबी गरेको छ ।

## गहवामाई...............

सञ्चालक समितिको नाममा गहवामाई मन्दिर व्यवस्थापन हुँदै आएको थियो ।

अहिले आधिकारीक रुपमा स्थानीय प्रशासनमा मन्दिर सञ्चालक समिति दर्ता गर्नुपर्ने भएकाले नाम गहवामाई कि माइस्थान राख्ने भन्ने विषयमा स्थानीय बिचमा नै विवाद भएको हो ।

समितिको नामको विवादलाई मन्दिरसँग जोडेर केही व्यक्तिले अफवाह फैलाएको मन्दिर सञ्चालक समितिका अध्यक्ष दिना गुप्ताले स्पष्ट पारे ।

## वीरगंजमा रात्रि......

गरे । बैठकमा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल अग्रवालले रात्रि बजार सञ्चालनका लागि आवश्यक सहयोग गर्न उद्योग वाणिज्य संघ तयार रहेको बताए । बैठकले अहिले सटरमा सञ्चालन गरिरहेको व्यवसायलाई अबेर रातिसम्म सञ्चालन गराउन आग्रह गर्ने निर्णय गर्नुका साथै रात्रि बजारका दिन आवश्यक स्टलहरुको व्यवस्था गर्ने निर्णय पनि गरेको छ ।

बैठकमा नेपाली युवा उद्यमी मञ्च वीरगंज (एनवाइइएफ) का सदस्य आशुकुमार सर्राफले रात्रि बजार सञ्चालनको बारेमा कार्यपत्र प्रस्तुत गर्दै उद्यमका नयाँ नयाँ आयाम पस्केर फरकपन दिँदा बजारले रौनक पाउने बताए । नयाँ वर्षमा पुरानो बसपार्कमा राखिएका स्टल अबदेखि भने सडक पेटीमै स्टल राखेर बजार सञ्चालन गराइने बैठकले निर्णय पनि गरेको छ । माइस्थान चोकदेखि आदर्शनगर चोक हुँदै पशुपति घोष चोकसम्म लाग्ने रात्रीबजारमा थरिथरिका स्टलहरु राखिने छ । विशेष गरेर विभिन्न खानाका परिकार, लत्ताकपडा, जुत्ताचप्पल तथा अन्य विविध किसिमका स्टलहरु राखिने रात्रि बजार व्यवस्थापन समितिका सदस्य समेत रहेका ग्रिनसिटी सामुदायिकका अध्यक्ष जयप्रकाश खेतानले जानकारी दिए ।

बैठकमा ग्रिनसिटी सामुदायिकका सञ्जय अग्रवाल, एनवाइइएफका निवर्तमान अध्यक्ष अनुप अग्रवाल, विकाश ठाकुर, सुरेश कुमार रुङ्टा, छवि सर्राफ, अफसाना खान, सपना अग्रवाल, सुनिल कुमार कादमियाँलगायतको सहभागिता रहेको थियो ।

# वीरगंजका ४ वटा सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पढाई हुने

***वीरगंज, बैशाख ।***

वीरगंज महानगर पालिकाले ४ वटा सामुदायिक विद्यालयमा पूर्ण रुपमा अंग्रेजी माध्यम लागू गरको छ । महानगरले नयाँ शैक्षिक सत्रबाट त्रिजुद्ध, नृसिंह, माइस्थान विद्यापिठ र सिदार्थ माविमा पूर्ण रुपमा अंग्रेजी माध्यममा पढाउन सुरु गरेको हो ।

पूर्ण रुपमा अंग्रेजी माध्यम पठनपाठन सुरु गर्न लागेको त्रिजुद्ध मा.वि.ले सोमबार कक्षा ५ देखि ९ सम्म अध्ययन गर्ने विद्यार्थीका लागि प्रवेश परीक्षा लिएको छ। पूर्ण रुपमा अंग्रेजी माध्यममा पठनपाठन सुरु हुन लागेको विद्यालयमा विद्यार्थीको चाप बढी हुँदा प्रवेश परीक्षा लिएको विद्यालयका प्रधानाध्यापक नवीन कुमार मिश्रले जानकारी दिए । प्रधानाध्यापक मिश्रकाअनुसार कक्षा ५ दखि ९ सम्म अध्ययनका लागि करिब ३ हजार भन्दा बढी विद्यार्थीले प्रवेश परीक्षामा सहभागिता जनाएका छन्। सोमबार प्रवेश परीक्षा लिएका विद्यार्थीको नतिजा बिहीबार प्रकाशित गरिने महानगरको शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले बताए । पहिले अंग्रेजी माध्यममा शुल्क लिएर अध्यापन गराउँदै आएकोमा विद्यार्थी विद्यार्थी बिचमै विभेद भएपछि महानगरले विभेद हटाउन पूर्ण रुपमा निशुल्क अंग्रेजी माध्यममा मात्रै अध्यापन गराउन लागेको हो। पूर्ण रुपमा अंग्रेजी माध्यममा पढाउन लागिएका ४ विद्यालयसहित पहिले वीरगंजमा सुरजीदेवि मावि र त्रिभुवन हनुमान माविले पनि अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्दै आएका थिए ।

यस पटकबाट भने ४ वटालाई पूर्ण रुपमा अंग्रेजी र अन्यलाई नेपाली माध्यम बनाइएको हो। शुल्क लिएर अंग्रेजी माध्यममा पढाउँदा कतिपय विद्यालयमा व्यवस्थापन समितिसँग विवाद देखिएको थियो भने केही विद्यालयको पारदर्शितामा प्रश्न उठिरहेको थियो । सामुदायिक विद्यालयका प्रधानाध्यापकले बोर्डिङ चलाएको भन्दै सरोकारवालाले विरोध गर्दै आइर हेका थिए। महानगरको नेतृत्व परि वर्तन भएसँगै सामुदायिक विद्यालयमा विभेदरहित शिक्षा प्रदान गर्न मेयर राजेशमान सिंहले पहल थालेका हुन् । पटक पटकको छलफल र विज्ञहरुसंगको रायपछि पहिलो चर णमा ४ वटा विद्यालयबाट पूर्ण रुपमा अंग्रेजी माध्यममा पठनपाठनको सुरुवात गरिएको मेयर सिंहले बताए

## वीरगंजमा.............

७१ हजार जरिवानाबापत राजस्व सङ्कलन गरेको छ । "घर, पसल र कार्यालयबाट निष्किने फोहोर जतातते फ्याँक्ने प्रवृत्ति छ", मियाँले भने, "त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहोर फ्याँक्नेलाई जरि वाना गर्ने अभियान सुरु गरेका छौं ।"

यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएको उनको भनाइ छ । सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ। महानगरपालिको वडा नम्बर १ देखि ३२ वडामा वीर गंजस्थित पृथी तारा एमके इनर नेशनल जेभीसँग गत २०७६ साल जेठ २ सम्झौता गरी नियमित सर सफाइ गर्दै आएको छ ।

विगतमा डम्पिङसाइड नहुँदा फोहोरमैला व्यवस्थापनमा समस्या हुँदै आएकोमा चार वर्षअघि महानगरले आफ्नो डम्पिङसाइड बनाएपछि फोहोरमैला व्यवस्थापनमा कुनै अहिले कुनै समस्या नरहेको उनले बताए । विगत केही वर्षअघिसम्म अस्तव्यस्त र दुर्गन्धित नगरको रुपमा परिचित महानगर क्षेत्रलाई सरसफाइ दृष्टिले मुलुककै नमूना महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाइएपछि यतिबेला वीरगंज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको छ ।

केही वर्षअघिसम्म अतिक्रमण र फोहोरको चपेटामा परेको आदर्शनगर, घण्टाघर, विर्ता, माईस्थानलगायतका सडक सफा र सुन्दर भएका छन् । आर्थिक र जधानीको रुपमा चिनिएको वीरगंज महानगरको पर्यटन प्रवर्द्धनका लागि नगरक्षेत्रको सरसफाइलाइ उच्च प्राथमिकतामा राखेर काम थालेको नगरप्रमुख राजेशमान सिंहले बताए । "बढ्दो जनघन्त्व र सडकमै फोहोर फ्याल्ने प्रवृत्तिका कारण नगर क्षेत्र दुर्गन्धित र फोहोर देखिएको थियो", नगरप्रमुख सिंहले भने, "फोहोर व्यवस्थापन गरी वीर गंजलाई सफा, सुन्दर र पर्यटकीय नगरी बनाउने मैले सङ्कल्प लिएको छु ।"

बढ्दो सहरीकरण र जनसङ्ख्याका कारण वीरगंज महानगरपालिकामा दैनिक फोहोर उत्पादन बढ्दै गएको छ ।

## वीरगंज १ मा........

। वीरगंज १ की दलित वडा सदस्य राधिका देवीको अध्यक्षतामा भएको तालिम समापन समारोहमा महानगर पालिकाका आन्तरिक विकास महाशाखाका प्रमुख प्रतिज्ञा वैद्य, वडा सदस्य रम्भावती देवी, उद्यम विकास सहजकर्ता सुशीला भण्डारी लगायतको उपस्थिती रहेको थियो ।

## अव्यवस्थित इन्टरनेट...

इन्टरनेट तथा केवल सेवा प्रदायकका प्रतिनिधि बोलाइएको भएपनि ५ वटा सेवा प्रदायकका प्रतिनिधि मात्रै सहभागि भएका थिए । नेपाल टेलिकम, सीजी नेटवर्क, भायनेट, म्याक्स र हकनेटका प्रतिनिधि बैठकमा सहभागि थिए ।

वीरगंजको मुख्य सडक र शाखा सडक छेउमा रहेका विद्युतीय पोल र टेलिकमका पोलहरुमा विभिन्न कम्पनीका नेट सेवा प्रदायक तथा अन्य संस्थाहरूले टाँगेका तार हरू अव्यवस्थित रहेको र यसले महानगरको सौन्दर्यतालाई नै कुरूप बनाएकोले महानगरले व्यवस्थापनको लागि पटक पटक प्रयास गर्दै आइर हेको छ ।

अव्यवस्थित तारका कार ण नगर क्षेत्रमा दुर्घटना हुँदै आएको र आगामी दिनहरूमा पनि यसबाट अन्य मानवीय दुर्घटना हुन सक्ने हुँदा ती तारहरूको व्यवस्थापन गर्न तार काटेरै अघि बढ्न थालेको हो ।

बैठकमा सहभागि सेवाप्रदायक कम्पनीका प्रतिनिधिले तार व्यवस्थापनमा अटेर गर्ने सेवा प्रदायकलाई जरिबाना गर्ने व्यवस्था सुरु गर्न पनि आग्रह गरेका थिए ।

# वीरगंजमा जथाभावी फोहोर फाल्नेमाथि सार्वजनिक मुद्दा चलाइने




***वीरगंज, बैशाख ।***

कही तपाई वीरगंज महानगर क्षेत्रमा जथाभावी फोहोर त फाल्दै हुनुहुन्न ? यदी जथाभावी फोहोर फाल्दै हुनुहुन्छ भने अबदेखि नफाल्नुहोला । नत्र तपाईमाथि सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा दर्ता गरिनेछ । मधेश प्रदेशको एकमात्र वीरगंज महानगरपालिकाले महानगर क्षेत्रलाई सुन्दर, सफा, नमूना महानगर बनाउने उद्देश्यले नियमित सरसफाईसँगै जथाभावी फोहोर फाल्नेमाथि सार्वजनिक अपराध कसुर सम्बन्धी मुद्दा चलाउने भएको छ । महानगरका सडक तथा गल्लीमा जथाभावी फोहोर फाल्नेसँग जरिवाना तिराउँदै आएको महानगरपालिकाले अब जरिवानासँगै फोहोर फ्याक्नेउपर सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने तयारी गरेको महानगर पालिकाका सरसफाइ शाखा प्रमुख सर्फुदिन मियाँले जानकारी दिए ।

"जथाभावी फोहोर फाल्नेसँग हामीले गत २०७९ पुस १७ गतेदेखि जरिवाना तिराउँदै आएका छौं, अझै फोहोर फाल्ने क्रम रोकिएको छैन", सरसफाइ शाखा प्रमुख सर्फुदिन मियाँले भने, "जरिवाना गर्दा फोहोर फाल्ने केही कम त भएको छ, तर अपेक्षाकृत रुपमा घटेको छैन ।" त्यसैले अब फोहोर फाल्नेलाई जरिवाना मात्रै होइन सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने तयारी गरिएको उनले बताए । गत पुस १७ गतेदेखि हालसम्म जथाभावी फोहोर फ्याँक्ने व्यक्ति र संस्था गरी तीन सय ६२ जनाबाट महानगरले रु आठ लाख

***बाँकी तेश्रो पृष्ठमा***

# फोटो क्याप्सन



सफा र सुन्दर मितेरी पुल । **फोटा :- सौजन्य**

# वीरगंज १ मा सात दिने साबुनबनाउने तालिम सम्पन्न



***वीरगंज, बैशाख ।***

वीरगंज महानगरपालिका वडा नम्बर १ मा ७ दिने साबुन बनाउने तालिम सम्पन्न भएको छ । गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमअन्तर्गत नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक तथा प्राविधिक सहयोग र वीरगंज महानगर पालिकाको आयोजनामा ७ दिने व्यवसायिक सावुन तालिम सम्पन्न भएको हो ।

तालिमको समापन समार ोहलाई सम्बोधन गर्दै वीरगंज महानगरपालिकाका उप(प्रमुख इम्तियाज आलमले सिकेको सिपलाइ व्यवसायिक सिपमा परिणत गरि आत्मनिर्भर बन्न सुझाव दिए । उनले तालिममा सहभागी २६ जनालाई प्रमाण पत्र समेत प्रदान गरेका थिए

***बाँकी तेश्रो पृष्ठमा***

# अव्यवस्थित इन्टरनेट तथा टेलिफोनका तार हटाउँदै वीरगंज महानगर



***वीरगंज, बैशाख ।***

वीरगंज महानगर पालिकाले नगर क्षेत्रभित्र अव्यवस्थित रुपमा रहेका इन्टरनेट तथा टेलिफोनका तारहरू आइतबारबाट काटेर हटाउने भएको छ । बिहीबार महानगरक्षेत्रमा सेवा प्रवाह गर्ने सेवा प्रदायक कम्पनीका प्रतिनिधिसहितको बैठकले नगरक्षेत्रको अव्यवस्थित तार काटेर हटाउने निर्णय गरेको हो । पहिलो चरणमा आइतबारदेखि घण्टाघर क्षेत्रबाट अव्यवस्थित तार हटाउने काम सुरु गरिने निर्णय गरिएको महानगरका प्रशासन प्रमुख राजकृष्ण ताम्राकारले जानकारी दिए । महानगरले पटक पटक तार व्यवस्थापनका लागि पहल गर्दा समेत सेवा प्रदायक कम्पनीले चासो नदेखाएपछि आइतबारबाट भने काटेरै हटाउन लागिएको हो ।


बिहीबारको बैठकमा महानगरभित्र सेवा प्रवाह गर्ने सबै

***बाँकी तेश्रो पृष्ठमा***

## वीरगंज महानगरपालिकाको सूचना

प्रस्तुत विषयमा यस वीरगंज महानगरपालिका अन्तर्गत संचालित सम्पूर्ण विद्यालयहरुलाई शैक्षिकसत्र २०८० बाट जुन शैक्षिक संस्थाबाट जति कक्षाको अनुमति प्राप्त गरेको हो सोही अनुसार मात्रै कक्षा संचालन गराउन हुन जानकारी गराइन्छ । अनुगमनको क्रममा वा कहिँ कतैबाट नियम विपरित संचालन भए गरेको जानकारी पाइएमा प्रदान गरिएको अनुमति रद्द गरि अनुमति नपाएको संस्था भए अवैध सूचिमा राखी कारवाही समेत हुने व्यवहोरा जानकारी गराइन्छ । अभिभावक ज्यूले पनि शैक्षिकसत्र २०८० मा विद्यार्थी भर्ना गर्दा उक्त संस्था अनुमति प्राप्त रहे नरहेको साथै कुन कक्षासम्म अनुमति प्राप्त गरेको हो अनुमतिपत्र हेरि यकिन गरि मात्र भर्ना गराउन हुन अनुरोध छ ।

वीरगंज महानगरपालिका कार्यालय
आदर्शनगर, वीरगंज


वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर - १०, वीरगंज
०५१ ५२२८०२। ५२२८०३
info@birgunjmun.gov.np | ito.birgunjmun@gmail.com
www.birgunjmun.gov.np